नीलकण्ठ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
धादिङबेशी, धादिङ
बागमती प्रदेश, नेपाल

## कृषि तथ्याङ्क संकलन सहजकर्ता आवश्यकता सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशन मितिः २०७८।१२।११)

किसान सुचीकरण कार्यक्रम कार्यान्वयन विधि, २०७७ अनुसार यस नगरपालिकामा किसान सूचीकरण गर्न किसान परिवारको बैयक्तिक तथा कृषि तथ्याङ्क संकलनको लागि तपसिल बमोजिमको संख्यामा कृषि तथ्याङ्क संकलन सहजकर्ता आवश्यक परेकाले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र आवश्यक विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त बुझाउन सूचित गरिन्छ ।

तपसिल

१. करार सेवामा आवश्यक जनशक्ति विवरणः

| सि.नं. | विज्ञापन नं. | पद | माग संख्या | आवश्यक योग्यता |
|---|---|---|---|---|
| १. | ६-०७८।०७९ | कृषि तथ्याङ्क संकलन सहजकर्ता | १४ | १. कम्तिमा प्रविणता प्रमाणपत्र वा कक्षा १२ उत्तीर्ण ।<br>२. कम्प्यूटर सम्बन्धि आधारभूत ज्ञान भएको (नेपाली युनिकोड र अंग्रेजीमा टाईप गर्नसक्ने) ।<br>३. आफ्नै एन्ड्रोइड वा स्मार्ट फोन वा ल्यापटप भएको। |

२. उमेरः १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको, महिलाको हकमा ४० बर्ष ननाघेको ।

३. दरखास्त दिने अन्तिम मितिः २०७८।१२।१७ को कार्यालय समय भित्र

४. दरखास्त दस्तुरः रु. १००।-

५. दरखास्त फाराम पाईने तथा बुझाउने स्थानः नीलकण्ठ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, धादिङ

६. दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरुः नागरिकता प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपी, २ प्रति पासपोर्ट साईजको फोटो, अनुभव सम्बन्धी कागजात ।

७. छनौटको किसिम/आधारः अन्तर्वार्ता।

८. अन्तर्वार्ता मितिः २०७८।१२।२० गते, विहान १०:३० बजे देखि

९. शर्त तथा मापदण्डः करार सेवाको लागि प्रचलित कानूनद्धारा अयोग्य नठहरेको हुनुपर्ने ।

१०. कार्यविवरणः सहजकर्ताले नीलकण्ठ नगरपालिकाका कृषकहरुको घरघरमा पुगेर तथ्याङ्क विवरण सफ्टवयरमा प्रविष्ट गर्नुपर्नेछ यसरी प्रविष्ट गर्नुपर्नेछ ।

११. यो सूचना अनुसार दरखास्त तथा सेवा करार स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।

अन्य थप जानकारीको लागि नीलकण्ठ नगरपालिकाको वेभपेज www.neelakanthamun.gov.np वा कार्यालयको फोन नं. ०१०-५२०५५९ मा सम्पर्क राख्न सकिनेछ ।

(नेत्रप्रसाद पौडेल)
प्रमुख प्रशासकीय अधिकृत